

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
prateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय ‘क’ वर्ग

# प्रतीक
दैनिक

prateekdaily.com



बालबालिकालाई माया गरौं,
बालबालिकाका कुरा सुनौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७७ भदौ ०३ गते बुधवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2020 August 19 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ०२


## प्रतीकको ३४औं वार्षिकोत्सवः सुबोध स्मृति पुरस्कार खड्कालाई

प्रस, वीरगंज, २ भदौ/

प्रतीक दैनिकले सोमवार ३४औं वार्षिकोत्सव मनाएको छ ।

वार्षिकोत्सवको अवसरमा यस वर्षको सुबोध स्मृति पुरस्कार मध्यनेपाल सन्देश साप्ताहिकका सम्पादक/फोटो पत्रकार कविता खड्कालाई प्रदान गरिएको छ । प्रतीकका प्रधानसम्पादक जगदीशप्रसाद शर्माले २५ हजार नगद पुरस्कारसहित दोसल्ला ओढाएर प्रमाणपत्रले सम्मानित गरेका थिए ।

कोरोना सङ्क्रमणको बेला प्रतीक दैनिकको कार्यालयलाई विसङ्क्रिमत गरी सहभागीहरूलाई पञ्जा, मास्क लगाइ स्वास्थ्य र सुरक्षाको मापदण्ड पूरा गर्दै पुरस्कृत व्यक्तिहरू, प्रतीकका सञ्चारकर्मी र कर्मचारी मात्रको सहभागितामा वार्षिकोत्सव कार्यक्रम आयोजना गरिएको प्रधानसम्पादक शर्माले बताए ।

उनले यसपटक कोरोना महामारीको बेला जोखिम मोल लिएर अहोरात्र सेवा गर्ने स्वास्थ्यकर्मी, सफाइकर्मी, सुरक्षाकर्मी, खाद्यान्न विक्रेता तथा सञ्चारकर्मीलाई तत् क्षेत्रको प्रतिनिधिको रूपमा सम्मानित गरिएको बताए । यस क्रममा स्वास्थ्यकर्मी प्रतिनिधिका रूपमा कालिका मेडिकल हलकी सञ्चालिका मीना बटाला, पत्रकार शेखर छतकुली, सामुदायिक सेवा केन्द्र मुर्लीकी प्रसनि इनाकुमारी बडाल, प्रहरी जवान रविकुमार सिंह, फन एन्ड फनका सञ्चालक बृजेश अग्रवाल र क्षीरसागर स्वीट्सका सञ्चालक सुबोध सिंहलाई सम्मानित गरिएको थियो ।

वार्षिकोत्सवमा टोलमा सरसफाइको जिम्मेवारी वहन गर्दै आएका सफाइ नाइके अयोध्याप्रसाद तत्वासहित ६ जना सफाइकर्मीलाई नगद पुरस्कारसहित गम्छा ओढाएर सम्मानित गरिएको थियो ।

यसैगरी, वार्षिकोत्सवको अवसरमा पत्रिकाका सम्पादक शत्रुघ्न नेपाललाई नगद रु १० हजार र स्तम्भकार विनोद गुप्तालाई नगद रु ५ हजारसहित प्रमाणपत्रद्वारा सम्मानित गरिएको थियो । कार्यक्रमको सहजीकरण पत्रिकाका सम्पादक प्रताप श्रेष्ठले गरेका थिए ।

कार्यक्रममा सञ्चारकर्मीहरू विकाश शर्मा, आरके पटेल, राजेश मिश्र, राधेश्याम पटेल, सुषमा शर्मा, जियालाल साह, सन्ध्या क्षेत्री, सुनीलकुमार सिंह, दीपक जैसवाललगायत कर्मचारीहरू महेश राम, श्यामजीप्रसाद गुप्ता, मजिद हवारी, तौरेत अहमद, विजय श्रेष्ठको सहभागिता थियो ।




१) प्रतीक दैनिकको ३४औं वार्षिकोत्सवको अवसरमा पुरस्कृत व्यक्तित्वहरू, २) महिला पत्रकार कविता खड्कालाई सुबोध स्मृति पुरस्कार–२०७७ बाट पुरस्कृत गर्दै प्रधानसम्पादक जगदीश शर्मा, ३–८) सम्पादक शत्रुघ्न नेपाल, सामुदायिक सेवा केन्द्र मुर्ली, स्वास्थ्यकर्मी, क्षीरसागर, फन एन्ड फनका पदाधिकारी र सरसफाइकर्मीलाई पुरस्कृत गरिँदै । तस्वीरः प्रतीक

## पर्सा/बारामा ३३ महिलासहित १३४ जना सङ्क्रमित थपिए

प्रस, वीरगंज, २ भदौ/

पर्सा/बारामा सोमवार १३४ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । नारायणी प्रयोगशालामा पिसिआर परीक्षणको लागि केमिकल अभाव भएपछि सङ्कलित स्वाब काठमाडौंमा पठाइएको र सोको रिपोर्ट अनुसार ३३ महिलासहित १३४ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको हो ।

कोरोना पुष्टि भएकाहरूमा बाराका कलैया उपमहानगर, सिम्रौनगढ नगरपालिका, प्रसौनी गाउँपालिका र पिलुवाका गरी १४ जना सङ्क्रमित छन् । यसैगरी, पर्सा जिल्लाका वीरगंज महानगर, बहुदरमाई नगरपालिकामा कन्टचाक्ट ट्रेसिङ र सङ्क्रमितहरूको १० दिनपछि लिइएको स्वाब नमूनाको रिपोर्टमा सङ्क्रमण देखिएका हुन् । बहुदरमाई नगरपालिकामा मात्र २४ जना सङ्क्रमित पुष्टि भएका छन् । वीरगंज महानगरको त्रिजुद्ध माविमा स्वाब नमूना दिएका ११ जना र श्रीपुर माविमा ५७ जना सङ्क्रमित पुष्टि भएका छन् । सङ्क्रमित पुष्टि हुनेमा एकजना चिकित्सक र एकजना सञ्चारकर्मी पनि छन् ।

यसैगरी, सङ्क्रमित व्यक्तिहरूको कन्टचाक्ट ट्रेसिङमा परेका र स्वयम् सङ्क्रमितहरूको रिपोर्ट पनि पोजेटिभ आएको छ ।

## रौतहटमा ३५ जना कोरोना सङ्क्रमित बढे

प्रस, रौतहट, २ साउन/

रौतहटका विभिन्न नगरपालिकामा मङ्गलवार ३५ जना कोरोना सङ्क्रमित बढेका छन् । १३ महिलासहित ३५ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको हो । साउन ३० गते १५० जनाको स्वाब सङ्कलन गरी परीक्षणका लागि पठाइएकोमा ८० जनाको रिपोर्ट आउँदा गौर नगरपालिकामा २७, माधवनारायण नगरपालिकाका ५ र गरुडा, कटहरिया र नेपाल प्रहरीका एक/एक जनामा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय रौतहटका फोकल पर्सन हरेन्द्र गुप्ताले बताए ।

कन्टचाक ट्रेसिङका आधारमा स्वाब सङ्कलन गरेर परीक्षण गर्दा उनीहरू सङ्क्रमित देखिएका हुन् । सङ्कलित स्वाबमध्ये ७० जनाको रिपोर्ट आउन बाँकी नै छ, गुप्ताले भने, सङ्क्रमितहरूलाई व्यवस्थित आइसोलेशनमा राख्नुको सट्टा होम आइसोलेशनमा रहन भनिएकोले समुदायमा सङ्क्रमण फैलने खतरा बढेको छ ।

## निषेधाज्ञामा अत्यावश्यक वस्तुको आपूर्ति भएन

प्रस, वीरगंज, २ भदौ/

वीरगंज महानगरपालिकामा निषेधाज्ञा जारी गरिएको २५औं दिन बितेको छ भने जिल्लामा जारी गरिएको निषेधाज्ञाको १६औं दिन पूरा हुँदा पनि स्थानीय प्रशासन अत्यावश्यक वस्तुको आपूर्ति गर्ने विषयमा मौन देखिएको छ ।

बारा, रौतहटलगायतका जिल्लामा निषेधाज्ञा जारी गर्दा त्यहाँका प्रशासनले अत्यावश्यक वस्तु, खाद्यान्न, दूध, तरकारी, फलफूलको लागि समय निर्धारण गरेका छन् । कसैले दुई, कसैले तीन घण्टा समय निर्धारण गरेका छन् भने जिल्ला प्रशासन कार्यालय, पर्साले निषेधाज्ञा जारी गरेको लामो समय बित्दा पनि अत्यावश्यक वस्तु खरीदको लागि समय निर्धारण गरेको छैन । उल्टो साउन ३२ गतेदेखि सेना परिचालन गरिएको छ ।

सेना परिचालन गरेको दिन वीरगंजभरि सेनाले सवारीसाधन चलाउने र कामले तथा विनाकामले हिंड्डुल गर्नेहरूलाई कुटेको थियो । यसैगरी, रानीघाटलगायतका क्षेत्रमा लुकीछिपी खुलेका अत्यावश्यक खाद्यान्नका पसलहरू बन्द गराएको थियो । पहिलो दिन सेनाले उत्पात मचाए पनि दोस्रो दिनदेखि सैन्य परिचालन भएपनि उत्पातका घटना भएका छैनन् । २५ दिनदेखि महानगरवासी अत्यावश्यक वस्तु खरीदबाट पनि वञ्चित छन् ।

प्रशासनले अघोषितरूपमा बिहान दूध र खाद्यान्न बिक्रीको लागि मुख्य सडकबाहेकका सडकमा एकाध घण्टा छुट दिएको छ । त्यसपछिको समयमा वीरगंज सुनसान हुने गरेको छ । अस्पतालमा स्वास्थ्य सेवा लिने बिरामी र औषधि खरीद गर्नेबाहेक मानिसहरूको चहलपहल रोकिएको छ ।

## एउटै सडक चारपटक वन क्षेत्रमा सारिँदै

प्रस, निजगढ, २ भदौ/

एउटै सडक चार/चार पटक किनार हुँदै गएको निजगढ–रतनपुरी सडकमा तटबन्ध गर्न वास्ता नगर्दा बर्सेनि आएको छ । भएका संरचनाको संरक्षण गर्दै नयाँ विकासका कार्य गर्नुपर्नेमा



तटबन्ध गर्न चासो नराख्दा खोला कटानले चारपटक वन क्षेत्रमा सारिएको निजगढ–रतनपुरी ग्रामीण सडक । तस्वीरः प्रतीक

सारिएको कुरा नौलो लाग्न सक्छ । तर यो सत्य हो ।

बर्सेनि वर्षायाममा भेल–बाढीले सडक कटान गरिरहेपछि प्रत्येक वर्ष सडक वन क्षेत्रमा सारिँदै आएको हो । बकैया खोला सडक सार्नुपरेको हो ।

निजगढ नगरपालिकाले सडकमा क्षति पुऱ्याउन सक्ने खोलाको तटबन्ध गर्न चासो नराख्ने तर विकासको नाउँमा बस्तीमा सडक, नाला बनाउने कार्य गर्दै संरक्षणको पाटोलाई खासै ध्यान दिएको देखिएको छैन ।

यस वर्ष पनि केही रूखबिरुवा मासेर वन क्षेत्रभित्र धमाधम नयाँ सडक


(बाँकी अन्तिम पातामा)


## छोटकरी

### लागूऔषधसहित युवक पक्राउ

प्रस, सेढवा, २ भदौ/

जीराभवानी गाउँपालिकाबाट लागूऔषधसहित एकजनालाई प्रहरीले पक्राउ गरेको छ ।

सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट सुवर्णपुरको टोलीले सोमवार बेलुकी जीराभवानी गापा–१ महादेवपट्टिको बलुवाबाट ४५ थान नाइट्रोभेटसहित सोही गापा–३ बस्ने फुलवान मियाँलाई पक्राउ गरेको सशस्त्र प्रनि सिंहवीर मल्लले बताए ।

भारतीय नं.को मोटरसाइकलबाट लागूऔषध खरीद गरी नेपाल आइरहेका मियाँलाई पक्राउ गरी कारबाईको लागि इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीमा पठाइएको प्रनि मल्लले बताए ।

## ग्राहकबाट पसलधनीमा कोरोना सङ्क्रमण

प्रस, सप्तरी, २ भदौ/

सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिकामा एकै परिवारका ८ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ ।

नगरको वडा नं ९ हनुमाननगर बजारका एकै परिवारका ३ महिलासहित ८ जनामा मङ्गलवार कोरोनो सङ्क्रमण पुष्टि भएको सो नगरपालिकाका प्रमुख शैलेश साहले जानकारी गराएका छन् । सोही परिवारका एकजना २८ वर्षीय पुरुषमा केही दिन पहिले सङ्क्रमण देखिएकोमा उनको कन्टचाक्ट ट्रेसिङमा रहेकाहरूको स्वाब परीक्षण गर्दा उनकै परिवारका थप ८ जनामा सङ्क्रमण पुष्टि भएको नगरप्रमुख साहले बताएका छन् ।

सङ्क्रमित पुष्टि भएकाहरूमा ६५, ५५, ३८, ३६ र १० वर्षीयसमेत पाँचजना पुरुषका साथै ५०, ३० र २४ वर्षीया तीनजना महिला छन् । सङ्क्रमण पुष्टि भएका सबै एकै परिवारका सदस्य भएकाले उनीहरूलाई होम आइसोलेशनमैं राखेर निगरानी गरिने नगर स्वास्थ्य शाखाको तयारी छ ।

शुरूमा सङ्क्रमण देखिएको सो परिवारका २८ वर्षीय युवक घरबाहेक आफ्नो पसलमा मात्रै बस्ने गरेकाले र उनका परिवारका सदस्यहरू पनि अर्को परिवारका सदस्यहरूसँग लामो समयदेखि भेटघाट गरेको नदेखिएको कन्टचाक्ट


(बाँकी तेस्रो पातामा)

गुरु र समुद्र दुवै गहिरा हुन्छन् । तर दुवैमा फरक छ । समुद्रको गहिराइमा मानिस डुब्छ, गुरुको गहिराइमा पार लाग्छ ।

-विचारसार र सूक्तिहरू


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## बढ्दो छ सङ्क्रमण

कोरोना सङ्क्रमणको राप दिनदिनै बढ्दो मात्रामा रन्किरहेको छ । अब सङ्क्रमित हुनेको सङ्ख्या दुई–चार वा दश–बीसमा सीमित छैन, चालीस–पचास पुगेको छ । कुनै प्रदेश, जिल्ला, पालिका, वडा यस्तो छैन, जो सङ्क्रमणबाट अछूतो छ भन्न सकियोस् । अबको प्रतीक्षा घरपिच्छे सङ्क्रमित हुन थालेको खबरको छ । यो जटिल समस्या हो, जसबाट पार पाउनु ठूलो पुरुषार्थ हो; स्वयमेव पुरुषार्थ । यो गरेर साध्य हुने पुरुषार्थ होइन । गर्न सकिने एउटै पुरुषार्थ छ, आफ्ना सबै आवश्यकताहरूको तिलाञ्जली । तर कुनकुन आवश्यकता ? विलासी, मनखुशी आवश्यकतालाई तिलाञ्जली दिन सकिन्छ, भोजन र उपचार सकिन्न । अहिलेसम्म भोजनमा समस्या देखिएको छैन, तीबाहेक जो गरिखाने वर्गका छन् । तर उपचारका लागि भने हुनेखाने पनि प्रताडित हुन थालेका छन् । शहरमा प्रत्येक दिन हेलिकप्टरको गडगडाहट सुनिन्छ, कोही अतिसम्पन्न वा सत्ताको नजीक व्यक्ति थला पर्‍यो भन्ने अनुमान लगाउन सकिन्छ । थला पर्नु कोभिड–१९ ले पनि हुन सक्छ र अन्य रोगबाट पनि । कोभिड–१९ सङ्क्रमितले चित्त बुझाउन सक्छ, रोग मारकस्तरसम्म पुगेको छ भने पनि । तर कोभिडइतर बिरामीले कसरी चित्त बुझाउने ? ऊ त सामान्य उपचार नपाएर काल–कलवित भइरहेको छ ।

देशमा भर्खरै लागू भएको संविधानले उपचारलाई नागरिकको मौलिक हक मानेको छ । कोरोना महामारी नियन्त्रण गर्न सरकार चुकेको बताइँदै छ । तर सरकार चुकेको होइन, प्रभावकारी नियन्त्रणको उपाय सोच्न नसकेको वा सोच कार्यान्वयन गर्न चाहेको हो । चुक्नु त प्रयास गर्दागर्दै असफल हुनु पो हो । सामान्य अवस्थामा सरकारसँग पैसाको खोलो हुन्छ । जुन निर्धारित योजनाहरूमा खर्च भएर कुनै अप्रत्याशित कार्यका लागि अभाव हुन्छ । तर अहिले त पैसाको दह छ । बितेको पाँच महीनादेखि देखिने गरी कुनै काम भएको छैन, राज्यकोषको पैसा खर्च भएको छैन । तर पनि सरकार महामारी परीक्षणका लागि प्रशस्त पिसिआर मेशिन, आवश्यक किटको प्रबन्ध गर्न सकिरहेको छैन वा चाहिरहेको छैन । सरकारलाई के डर छ भने प्रशस्त परीक्षण भयो भने थुप्रै सङ्क्रमित फेला पर्नेछन् । तिनको यथाशक्य प्रबन्ध गर्न सकिंदैन । सरकार त कतिसम्म गैरजिम्मेवार छ भने अहिले कोरोनाविरुद्ध सार्थक देखिएको रेमडेसिविर औषधिमा समेत प्रतिबन्ध लगाएर बसेको छ । आठ हजार पर्ने यो औषधि तस्करीका माध्यमले नेपालमा पाँच लाख तिरेर प्राप्त गर्नुपरिरहेको छ ।

अबको बेला कोरोनासँग डराएर होइन, सतर्कतापूर्वक जुधेर अस्तित्वरक्षाको लडाइँ लड्नुपरेको छ । यसमा जोखिम निकै छ । तर यो जोखिम पुरुषार्थयुक्त हुन्छ । विवेकहीन सक्रियता होइन, सतर्कतापूर्ण क्रियाशीलता आजको पुरुषार्थ हो । सरकार यस कुरामा पनि असंवेदनशील बन्दै गएको छ । अहिलको सन्दर्भमा अनावश्यक कारोबारलाई इजाजत र आवश्यक काममा बाधा पुर्‍याउने हुकुमी शैली त्याग्न सकिरहेको छैन । सरकारसँग साउती गर्न सक्ने वर्गले आफ्नो कारोबार अक्षुण्ण राखेको छ, तर सरकारको दायित्व भएपनि आफ्नै खर्चमा उपचार खोज्ने नागरिकलाई हरेसमात्र दिएको छैन, हिजो तर माल खाएर अघाएका स्वास्थ्य संस्थाहरूलाई यस विषम परिस्थितिमा सेवामा संलग्न हुन बाध्य पनि पार्न चाहिरहेको छैन । सरकारसँग सङ्कटकालीन अधिकार हुन्छ, त्यसको प्रयोग गर्न चुक्नु लज्जास्पद लाचारी हो ।

# शैक्षिकसत्र २०७७ गुम्ने जोखिम

स्वतन्त्र विचार




भरत सहनी
bharat.sahani09@gmail.com


**केन्द्र सरकारले टुप्पी समाउने हो, हातखुट्टा नै समात्यो भने स्थानीय तहले पनि काम गर्न सक्दैन । सङ्कटका बेला देशभर एउटै विधिबाट विद्यालय सञ्चालन गर्न सम्भव छैन । पठनपाठनको जिम्मा परिवेश अनुसार स्थानीय तहलाई नै दिनुपर्छ ।**

कोरोना सङ्क्रमणले विद्यालयदेखि उच्च शिक्षासम्म प्रभावित भएको छ । पाँच महीनादेखि पठनपाठन र परीक्षा अवरुद्ध हुँदा शैक्षिकसत्र २०७७ नै गुम्ने जोखिम बढ्दै गएको छ । वैशाखदेखि शुरू हुने कक्षा १–१० को नयाँ शैक्षिकसत्र अहिलेसम्म शुरू हुन सकेको छैन । सरकारले शुरू गरेको वैकल्पिक सिकाइ क्रियाकलाप अभियान पनि प्रभावकारी नहुँदा शैक्षिक क्षति बढ्दै गएको शिक्षाविद्हरू बताउँछन् । हरेक वर्ष कक्षा १ मा मात्रै १० लाख बालबालिका भर्ना हुने आकलन छ । यसपालि चैत पहिलो सातादेखि शिक्षण संस्था बन्द रहेकाले बालबालिका विद्यालय भर्ना हुन सकेका छैनन् । ती बालबालिकाले वैकल्पिक शिक्षा पाए⁄नपाएको यकीन छैन । विद्यालय तहमा ७० लाख विद्यार्थी अध्ययन गर्छन् । अनलाइन, टेलिभिजन, रेडियो र प्रिन्ट सामग्रीबाट वैकल्पिक कक्षा सञ्चालन गरिएको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको प्रक्षेपण अनुसार २३ लाख बालबालिकाको इन्टरनेट, रेडियो र टेलिभिजनलगायत कुनै पनि प्रविधिमा पहुँच छैन । इन्टरनेटमा पहुँच भएका विद्यार्थी ७ लाख मात्रै छन् । ४० लाख बालबालिका रेडियो र टेलिभिजनको पहुँचमा रहेको दाबी गरिएको छ । वैकल्पिक कक्षाको प्रभावकारिता स्थानीय तह, शिक्षक र अभिभावकको सक्रियतामा भर पर्ने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले बताउँदै आएको छ । कतिपय स्थानीय तहमा वैकल्पिक कक्षाको राम्रो अभ्यास भएको छ भने कुनै पालिकामा शुरू नै हुन सकेको छैन । देशभर गरिएको सर्वेक्षणमा केही विद्यालयले गृह शिक्षण अभ्यास गर्दै घर⁄घर शिक्षक पठाएको देखिन्छ तर कतिपय विद्यालयमा भने वैकल्पिक कक्षाको सुरसार नै हुन सकेको छैन ।

निजी विद्यालयहरूले आफ्ना विद्यार्थी अन्त जाने डरले पनि भर्चुअल कक्षालाई निरन्तरता दिइरहेका छन् । तर कोरोना जोखिमका बेला सामुदायिक विद्यालयका शिक्षक परिचालन प्रभावकारी हुन सकेको छैन । सामुदायिक विद्यालयका अधिकांश शिक्षक अनेक बहाना बनाएर विद्यालय नगएको र वैकल्पिक कक्षामा पनि सक्रिय नभएको शिक्षा मन्त्रालयका अधिकारीहरू बताउँछन् । शिक्षकहरूको यही कार्यशैली कायम रहे शैक्षिक वर्षमैं ठूलो क्षति हुने मन्त्रालयका अधिकारीहरूको भनाइ छ । शिक्षा मन्त्रालयले पठनपाठन र परीक्षा सञ्चालनसम्बन्धी स्पष्ट खाका दिन नसक्दा झनै शैक्षिक क्षति बढ्दै गएको जानकारहरू बताउँछन् । कोरोना सङ्क्रमण घट्दा वा बढ्दा, दुवै अवस्थामा गरिने पठनपाठन विधिको विकल्प दिनु आवश्यक छ । विद्यालय तहमा एक शैक्षिकसत्रमा १९० दिन पढाइ हुन्छ । चार महीनादेखि पठनपाठन हुन नसकेकोले पाठ्यक्रमको उद्देश्य पूरा हुनेगरी पठनपाठन गराउन मन्त्रालयले निर्देश गर्नु आवश्यक छ । कोरोना बढ्दै गए शिक्षक–विद्यार्थी फेस टु फेस भएर कक्षा चलाउन सकिंदैन । कोरोना सङ्क्रमण बढ्दा र घट्दा दुवै अवस्थामा कसरी अघि बढ्ने भनेर मार्ग निर्देशन हुन जरुरी छ । अहिलेसम्म शैक्षिक क्षति भयो, अब शैक्षिक वर्ष नै खेर जाने अवस्था देखिएको छ । यो युद्धजस्तो बेला हो, सबै कुद्नुपर्छ । दौडाइ पुगेको छैन, माथिदेखि तलसम्म कुद्न नसके शैक्षिक वर्ष खारेज हुने सम्भावना उच्च छ ।

स्थानीय तहलाई अवस्था अनुसार परम्परागत वा वैकल्पिक विधिबाट कक्षा सञ्चालन गर्ने अधिकार दिनु आवश्यक छ । केन्द्र सरकारले टुप्पी समाउने हो, हातखुट्टा नै समात्यो भने स्थानीय तहले पनि काम गर्न सक्दैन । सङ्कटका बेला देशभर एउटै विधिबाट विद्यालय सञ्चालन गर्न सम्भव छैन । पठनपाठनको जिम्मा परिवेश अनुसार स्थानीय तहलाई नै दिनुपर्छ । शिक्षा मन्त्रालयले पनि अध्ययन–अध्यापनको जिम्मेवारी स्थानीय तहलाई दिनेगरी विद्यालय पुनः सञ्चालन ढाँचा ल्याएको छ । सरकारले साउन ७ गते लकडाउन अन्त्य गरेपछि भदौ १ देखि विद्यार्थी भर्ना अभियान सञ्चालन गर्ने, परीक्षाका गतिविधि अघि बढाउने निर्णय गरेको थियो । सरकारको निर्णय अनुसार शैक्षिक गतिविधि गतिशील हुन थालेको थियो । पछिल्ला दिनमा फेरि कोरोना सङ्क्रमण फैलिन थालेपछि अन्योल बढेर भदौ १६ देखि भर्ना अभियान सञ्चालन हुने भएको छ । राष्ट्रिय परीक्षा बोर्डले विद्यालयले लिने कक्षा ११ को आन्तरिक परीक्षा र एसइईको नतीजा प्रकाशनमा समेत रोक लगाएको छ । एसइईको नतीजा रोकिंदा यसपालि कक्षा ११ मा नयाँ पाठ्यक्रमको आधारमा पठनपाठन गराउने कार्यक्रम अनिश्चित बनेको छ । वैशाख–जेठमा हुने कक्षा १२ को परीक्षा पनि सञ्चालन हुन सकेको छैन । आगामी वर्षको एसइई आउन ८ महीना मात्रै बाँकी छ तर अहिले कक्षा १० मा वैकल्पिक कक्षाबाट पठनपाठन गरिरहेका विद्यार्थीको सिकाइ उपलब्धिको मापन हुन सकेको छैन ।

कक्षा १२ को परीक्षा नहुँदा विश्वविद्यालयको स्नातक तहको पढाइ पनि प्रभावित हुने निश्चित छ । बोर्डले परीक्षा सकिएको एक महीनामा नतीजा प्रकाशन गर्ने तयारी गरेको जनाएको छ । कक्षा १२ को परीक्षा र नतीजा प्रकाशनमा ढिलाइ भए स्नातक तहको भर्नामा असर पुग्ने काठमाडौं विश्वविद्यालय स्कूल अफ मेडिसिनले बताएको छ । स्नातक तहको मेडिकल, इन्जिनीयरिङ, व्यवस्थापनलगायतमा विद्यार्थीको चाप बढी हुने हुँदा दशैंअघि नै प्रवेश परीक्षा सञ्चालन गरेर विद्यार्थी भर्ना लिने चलन छ । भदौमा कक्षा १२ को परीक्षा नलिए दशैंअघि प्रवेश परीक्षा सम्भव नहुने देखिन्छ । शैक्षिक वर्ष खेर जान नदिन सबै क्षेत्रबाट पहल हुनुपर्छ । चिकित्सा शिक्षा आयोगले कक्षा १२ को परीक्षा सकेर परिणाम आएपछि मात्रै एकीकृत प्रवेश परीक्षा सञ्चालन गर्ने जनाएको छ । १२ को नतीजा नआए स्नातक तहको नयाँ भर्ना प्रभावित हुने त्रिभुवनलगायत अन्य विश्वविद्यालयका पदाधिकारी बताउँछन् । दशैंअघि नै प्रवेश परीक्षा गर्न नसके मङ्सिरदेखि मात्रै नयाँ शैक्षिकसत्र शुरू हुने आकलन गरिएको छ । महामारीका बेला शैक्षिक गतिविधि अघि बढाउने योजना बनाउन नसक्दा शैक्षिक वर्ष नै नोक्सान हुने जोखिम रहेको शिक्षाविद्हरूको भनाइ छ । अहिलेसम्मको अवस्था हेर्दा शैक्षिक सत्र खेर नगए पनि लम्बिने निश्चित छ । एक वर्ष लाग्ने पाठ्यक्रमलाई डेढ वर्ष लाग्न सक्छ । कोभिडको कसरी सामना गरेर जाने भन्ने खाका ल्याउन नसके विद्यालयदेखि विश्वविद्यालयले शैक्षिकसत्र नै गुमाउनुपर्ने सम्भावना रहेको र यसका लागि सरकार र विश्वविद्यालयले योजना बनाउन नसकेको अवस्था छ । महामारी बढेर जाँदा वा घटेर जाँदाको अवस्थामा कसरी अघि बढ्ने भन्ने विकल्पसहितको योजनाको अभाव छ । यसका लागि विद्यालयदेखि विश्वविद्यालयले छरितो पाठ्यक्रम परिमार्जन गर्नु आवश्यक देखिन्छ ।

महामारीका बेला शैक्षिक गतिविधि अघि बढाउन विश्वविद्यालय पनि अन्योलमा परेका छन् । कोरोना भाइरस कायमै छ, सरकारले लकडाउन मात्रै खुकुलो पारेको हो भन्ने कुरा विश्वविद्यालयका पदाधिकारीले नबुझ्दा पढाइ र परीक्षा पछाडि धकेलिएको जानकारहरू बताउँछन् । उच्च शिक्षामा करीब साढे ५ लाख विद्यार्थी अध्ययनरत छन् । तीमध्ये ७७ प्रतिशत विद्यार्थी त्रिभुवन विश्वविद्यालयमा पढ्छन् । लकडाउनले रोकिएका परीक्षा भदौ पहिलो सातादेखि सञ्चालन गर्न त्रिविले सूचना प्रकाशित गरेको छ । परीक्षा सञ्चालन हुने सूचना पाएर विद्यार्थी तयारीमा जुटेका छन् तर कोरोना सङ्क्रमितको सङ्ख्या थपिंदै जाँदा परीक्षार्थीमा त्रास थपिएको छ । परीक्षा पनि अनिश्चित बन्ने सङ्केत देखा पर्न थालेको छ । लकडाउनमा घर गएका त्रिविका छात्रछात्रा शहर फर्कन थालिसकेका छन् । सार्वजनिक यातायात बन्द भएपनि गाडी रिजर्भ गरेर तथा महँगो भाडा तिरेर परीक्षाको तयारीमा विद्यार्थीहरू आउन थालेका छन् । परीक्षा सञ्चालन हुनेमा भने उनीहरू सशङ्कित छन् । सरकारले भदौ १६ देखि लामो दूरीको यातायात सञ्चालन गर्ने र परीक्षासमेत सञ्चालन गर्न सक्ने निर्णय गरेपछि विश्वविद्यालयले परीक्षा तालिका सार्वजनिक गर्न थालेका थिए । सङ्क्रमण बढ्दै जाँदा परीक्षाको तयारीमा जुटेका परीक्षार्थी त्रसित देखिन्छन् ।

परम्परागत विधिबाटै परीक्षा सञ्चालन हुनेमा स्नातकोत्तर तहका विद्यार्थीहरूले आशङ्का व्यक्त गर्न थालिसकेका छन् । कोरोनाका केसहरू बढेका छन्, विद्यार्थी आफ्नो गृह जिल्लामा छन् । परीक्षा केन्द्रमा पुग्नै समस्या हुने विद्यार्थीहरूको गुनासो छ । कोरोना अन्त्य नहुँदै शहर फर्कंदा घरबेटीले समेत घरमा बस्न नदिने विद्यार्थीहरूको चिन्ता छ । यी समस्याबारे त्रिविका पदाधिकारीलाई गुनासो राख्दा सुनुवाइ नभएको विद्यार्थीहरूको गुनासो छ । सङ्क्रमण कायमै रहँदा अनलाइन, ओपन बूक, आन्तरिक मूल्याङ्कनलगायत वैकल्पिक विधिबाट परीक्षा गर्न सकिन्थ्यो । परीक्षा लिने सूचना आएको छ, कोरोना यसरी नै बढ्दै गए कसरी परीक्षा होला ? त्रिविले वैकल्पिक विधिबाट परीक्षा सञ्चालन गर्न नसक्दा सेमेस्टर र शैक्षिक वर्ष खेर जाने चिन्तामा छन् विद्यार्थी । लकडाउन लम्बिंदै जाँदा त्रिविले पनि विभिन्न वैकल्पिक विधिबाट परीक्षा सञ्चालन गर्ने मोडालिटी प्रस्ताव गरेको थियो । सरकारले साउन ७ गतेदेखि लकडाउन अन्त्य गरेपछि परम्परागत विधिबाटै परीक्षा सञ्चालन गर्न जोड दिइएको छ । पोखरा विश्वविद्यालयले भदौ मसान्तदेखि स्नातक र स्नातकोत्तर तहको परीक्षा सञ्चालन गर्न विद्यार्थीलाई सर्कुलर गरेको छ । विश्वविद्यालय अनुदान आयोगले अनलाइनसहित विभिन्न वैकल्पिक विधि प्रयोग गरेर पठनपाठन साथसाथै परीक्षा सञ्चालन गर्न विश्वविद्यालयहरूलाई सुझाएको छ । आयोगले कोरोना महामारीले उच्च शिक्षामा पुर्‍याएको क्षति न्यूनीकरणका लागि छाता निर्देशिकासमेत जारी गरेको छ । निर्देशिकामा प्रचलित विधिबाट पनि परीक्षा सञ्चालन गर्न प्राथमिकता दिनपुर्ने उल्लेख छ । उक्त विधिबाट सम्भव नभए उच्च शैक्षिक संस्थामा नै परीक्षा केन्द्र तोकेर पनि परीक्षा सञ्चालन गर्न सकिन्छ । समयसीमा तोकेर खुला पुस्तक, गृहकार्य, कक्षाकार्य, प्रस्तुतीकरण, अनलाइन विधिबाट परीक्षा लिन सकिने निर्देशिकामा उल्लेख छ । विद्यार्थीले घरबाटै उत्तर लेख्ने विकल्पसमेत दिन सकिने व्यवस्था गरिएको हो । त्रिविले भने परम्परागत विधिबाटै परीक्षा गर्न जोड दिएको छ ।

त्रिविको संयोजकत्वमा परीक्षा सुधार समिति गठन भएको थियो । परीक्षा नियन्त्रक, डिनहरू संलग्न समितिले घरमैं रहेका विद्यार्थी निश्चित समयमा उत्तर बुझाउने गरी खुला परीक्षा सञ्चालन गर्ने, अनलाइनबाट परीक्षा लिने, प्रचलित मोडल अनुसार परीक्षा लिने र आन्तरिक मूल्याङ्कनलाई मान्यता दिन सकिने सुझाव दिएका छन् । त्रिविका संयोजकले परिस्थिति अनुकूल भए मात्र परम्परागत विधिबाट परीक्षा सञ्चालन गरिने जनाएका छन् । भदौ १६ गतेदेखि सार्वजनिक यातायात पनि खुल्ने भएपछि परीक्षा तालिकाहरू सार्वजनिक गरिएको हो । अवस्था सहज बन्दै गए भदौ तेस्रो हप्तादेखि परीक्षा सञ्चालन गर्न डिन कार्यालयहरूलाई निर्देशन गरिएको छ । सङ्क्रमण बढ्दै गए आन्तरिक मूल्याङ्कन, ओपन बूक र अनलाइन पद्धतिबाट परीक्षा सञ्चालन गर्न सकिने त्रिविले जनाएको छ । परीक्षा सुधार समितिले परम्परागत, अनलाइन, ओपन बूक र आन्तरिक मूल्याङ्कनसहित चार विकल्प प्रस्तुत गरेको थियो । काठमाडौं र मध्यपश्चिम विश्वविद्यालयले अनलाइनलगायत वैकल्पिक माध्यमबाट परीक्षा सम्पन्न गर्ने विकल्प अघि सारेका छन् । कोभिड महामारी कायमै रहँदा पनि वैकल्पिक विधिबाट पठनपाठन र परीक्षा सञ्चालन गर्न नसके शैक्षिक वर्ष गुम्ने खतरा अझै कायम छ ।

# बारा प्रहरीद्वारा साउनभरिमा २८ लाखको तस्करीको सामान बरामद

राधेश्याम पटेल, वीरगंज, २ भदौ⁄

बारा प्रहरीले भारततर्फ तस्करी गर्न लागिएको ११ क्विन्टल केराउ बोकेको एउटा टयाक्टर नियन्त्रणमा लिएको छ । इलाका प्रहरी कार्यालय, प्रसौनीको टोलीले फेटा गापा–१ रजवटीयाबाट भारततर्फ गइरहेको ना.६त ४८१८ नम्बरको टयाक्टरमा ६० हजार मूल्य बराबरको ११ क्विन्टल केराउ तस्करी गर्न लागेको सूचना पाएर पक्राउ गरी वीरगंज भन्सार पठाएको बारा प्रहरीका प्रवक्ता गौतम मिश्रले जानकारी गराए ।

लकडाउनमा रातिको समयमा सुरक्षाकर्मी सुस्त हुँदा केराउ, छोहडा, मरिचलगायत तस्करी हुँदै आएको छ । प्रहरीले साउन ३१ गते अपराह्न ३ बजे केराउ र टयाक्टर पक्राउ गरेको थियो । टयाक्टर चालक फरार भएको बारा प्रहरीले जनाएको छ । बारा प्रहरीले साउन महीनाभरिमा २५ किलो २ सय ग्राम चाँदी, अवैध सवारीसाधन ९ वटा, लत्ताकपडा तथा खाद्यान्न सामग्री गरी कुल २७ लाख ९२ हजार मूल्य बराबरको सामान बरामद गरेको जनाएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## डेमोक्रेटिक पार्टीको अधिवेशन शुरू, सबै नेताको भर्चुअल सम्बोधन

एटलान्टा, २ भदौ/एपी

संयुक्त राज्य अमेरिकाको डेमोक्रेटिक पार्टीको चार दिने अधिवेशन शुरू भएको छ। कोरोना भाइरस महामारीबीच शुरू भएको यस अधिवेशनका सबै प्रमुख वक्ताले भर्चुअल सम्बोधन गर्नेछन्।

यस अधिवेशनले डेमोक्रेटिक पार्टीका तर्फबाट राष्ट्रपति पदका उम्मेदवार जो बाइडेनलाई औपचारिक उम्मेदवार बनाउनेछ। बाइडेनले सम्मेलनको अन्तिम दिन आगामी बिहीवार आफ्नो गृहराज्य डेलावेयरबाट भर्चुअल सम्बोधन गर्नेछन्। विगतमा प्राइमरी चुनावबाट विजयी प्रतिनिधिहरू, पार्टी समर्थक र पार्टीका विशिष्ट व्यक्तिहरूको बाक्लो उपस्थितिबीच निकै तडकभडकका साथ हुने अधिवेशन यसपटक खल्लो छ। मिल्वाकीको सिटी सेन्टरलाई अधिवेशन स्थल तोकिए पनि त्यहाँ कोही पनि उपस्थित छैनन्।

सम्मेलनको तेस्रो दिन अर्थात् बुधवार सम्मेलनले कमला ह्यारिसलाई उपराष्ट्रपति पदका लागि औपचारिक मनोनयन गर्नेछ। "हामी जनता (वी दी पिपल) अमूर्त नाराका साथ शुरू भएको यस अधिवेशनमा नेताहरूले पार्टीका नीतिहरूमाथि बहस चलाउनेभन्दा राष्ट्रपति ट्रम्पका नीतिहरूको आलोचना गर्ने सम्भावना बढी छ।

अधिवेशनमा राष्ट्रपतिका उम्मेदवार जो बाइडेन, उपराष्ट्रपति पदकी उम्मेदवार कमला ह्यारिस, डेमोक्रेटिक पार्टीका तर्फबाट विगतमा राष्ट्रपति रहेका बाराक ओबामा र उनकी पत्नी मिसेल ओबामा, पूर्वराष्ट्रपति बिल क्लिन्टन र हिलारी क्लिन्टन, राष्ट्रपतिको उम्मेदवार होडमा रहेका बनी स्यान्डर्ससमेतका विशिष्ट व्यक्तिले सम्बोधन गर्नेछन्।

सम्मेलन आयोजकका अनुसार बुधवार पूर्वराष्ट्रपति बाराक ओबामा, पूर्व विदेशमन्त्री हिलारी क्लिन्टन, सिनेटर एलिजाबेथ वारेनले सम्बोधन गर्नेछन् भने त्यसअघि मङ्गलवार पूर्वराष्ट्रपति बिल क्लिन्टन र कङ्ग्रेस सदस्य अलेक्जान्ड्रिया ओकासियो-कोर्टेजले सम्बोधन गर्दैछन्।

अधिवेशनमा रेकर्डेड तर भावुक मुद्रामा सम्बोधन गर्दै पूर्वराष्ट्रपति बाराक ओबामाकी पत्नी मिसेल ओबामाले राष्ट्रपति ट्रम्पको कार्यशैली अमेरिकी जनता र अमेरिकाका लागि घातक रहेको आरोप लगाएकी छन्।

उनले विगतमा डोनाल्ड ट्रम्पलाई जिताएका मतदाताप्रति लक्षित गर्दै एउटा गल्तीका कारण आज हामीले त्यसको परिणाम भोगिरहेका छौं भनिन्। उनले हिलारी क्लिन्टनले सन् २०१६ मा ट्रम्पको भन्दा बढी लोकप्रिय मत प्राप्त गरे पनि पराजित हुनु परेकामा दुःख प्रकट गरिन्।

उनले भनिन्, "डोनाल्ड ट्रम्प हाम्रो मुलुकका लागि गलत राष्ट्रपति हुन्। आफूलाई सही साबित गर्ने चार वर्ष पनि त्यतिकै खेर गइसक्यो।" मिसेलले डेमोक्रेटिक पार्टीका तर्फबाट उम्मेदवार बनेका जो बाइडेन निकै भलादमी र योग्य रहेको बताइन्। उनले जो बाइडेनले मुलुकको अर्थतन्त्रलाई पुनरुत्थान गर्ने, कोरोना महामारीलाई परास्त गर्ने तथा आफ्नो मुलुकलाई सही नेतृत्व दिन सक्ने बताइन्।

जो बाइडेनले उपराष्ट्रपति पदमा कमला ह्यारिसलाई मनोनयन गर्नुअघि नै मिसेल ओबामाको सम्बोधन रेकर्ड गरिएकाले ह्यारिसका बारेमा उनले केही भनेकी छैनन्।

राष्ट्रपति ट्रम्पका नीतिको कडा शब्दमा आलोचना गरेकी मिसेलले भनिन्, "देशभित्रका जल्दाबल्दा विषयमा मुलुकको सर्वोच्च निकायका प्रमुख ट्रम्पले सहानुभूति राख्नुपर्नेमा उल्टै अराजकता, विभाजन र घृणा फैलाएर अस्थिरता निम्त्याउनुभएको छ।"

उनले विगत चार वर्षका समयका बारेमा अमेरिकी बालबालिकालाई बताउन पनि मुस्किल छ भनिन्। "उनीहरूले आफ्नो नेताले आफ्नै नागरिकलाई राज्यका दुश्मनका रूपमा व्यवहार गरेको देखेका छन् र गोराहरूको आधिपत्यलाई जबरजस्तरूपमा महिमामण्डन गरिएको छ।"

मिसेल ओबामाले रिपब्लिकन समर्थक र प्रगतिशील पक्षधरलाई जो बाइडेनको पक्षमा मत दिन अनुरोध गरिनन्, किनभने यी दुई काम रिपब्लिकन सिनेटर जोन कासिच र बनी स्यान्डर्सले गर्नेछन्।

जोन कासिचले रेकर्ड गराएको भिडियो सम्बोधनमा यसपटक जो बाइडेनलाई जिताउन आग्रह गरिएको छ। उनले सन् २०१६ को प्राइमरी चुनावमा ट्रम्पसँगै राष्ट्रपतिको उम्मेदवारीका लागि रिपब्लिकन पार्टीभित्र सङ्घर्ष गरेका थिए।

कासिचले यसअघि नै जो बाइडेनलाई समर्थन गरिसकेका छन्। उनले भनेका छन्, "हाम्रो देशमा अहिले के भइरहेको छ भन्ने जगजाहेर छ, तर साँचो अर्थमा अहिले जे भइरहेको छ त्योभन्दा राम्रो गर्न सकिने प्रशस्त सम्भावना हाम्रा अघिल्तिर छन्।"

जो बाइडेनसँग प्राइमरी चुनावमा भिडेका दक्षिणपन्थी प्रगतिशील मानिने भर्मन्टका सिनेटर बनी स्यान्डर्सले रेकर्ड गराएको सम्बोधनमा भनिएको छ– हाम्रो लोकतन्त्रको भविष्य सङ्कटको घडीमा छ। देश जलिरहेको अवस्थामा रोमका निरो बाँसुरी बजाइरहेका हुन्थे, अहिले ट्रम्प गल्फ खेलिरहेका छन्।

यसैबीच, बिबिसीसँग कुरा गर्दै राष्ट्रपति ट्रम्पले रिपब्लिकन पार्टीका जोन कासिचको भनाइप्रति असन्तोष प्रकट गरेका छन्।

रिपब्लिकन पार्टीले पनि राष्ट्रपति डोनाल्ड ट्रम्पलाई राष्ट्रपति पदका लागि पुनः औपचारिक मनोनयन गर्न अर्को साता अधिवेशन गर्दैछ। रासस

## फिलिपिन्समा भूकम्पको धक्का, घरहरूमा क्षति

मनिला, २ भदौ/एपी

मध्य फिलिपिन्समा मङ्गलवार शक्तिशाली भूकम्पको धक्का महसूस गरिएको छ। भूकम्पबाट घरहरूमा क्षति पुगेको छ भने मानिसहरू सुरक्षाका लागि भन्दै घरबाहिर निस्किएका छन्।

फिलिपिनी भूकम्प मापन केन्द्रका अनुसार उक्त भूकम्प करीब ६.६ म्याग्नीच्यूडको रहेको छ। जमीनको सतहबाट करीब २१ किलोमिटर गहिराइमा आएको उक्त भूकम्पको केन्द्रबिन्दु काटाइगान तटीय क्षेत्रनजीक रहेको थियो।

मास्बेट प्रान्तीय प्रशासक रिनो रिभालोले काटाइगानमा सडकहरूमा धाँजा फाटेको तथा घरहरूमा क्षति पुगेको प्रारम्भिक विवरण प्राप्त भएको जानकारी दिए। उनले प्रभावित क्षेत्रहरूमा प्रहरी, सेना र अन्य उद्धारकर्मीहरू परिचालन भइसकेको पनि बताए।

उक्त भूकम्पको धक्का मध्य भिसायास क्षेत्रका विभिन्न प्रान्तमा अनुभव गरिएको थियो। प्रशान्त महासागरीय राष्ट्र फिलिपिन्स भूकम्पीय जोखिममा रहँदै आएको छ। सन् १९९० मा उत्तर फिलिपिन्समा आएको शक्तिशाली ७.७ म्याग्नीच्यूडको भूकम्पबाट झन्डै दुई हजार व्यक्तिको ज्यान गएको थियो। रासस

## पण्डित जसराजको दाहसंस्कार

न्यूजर्सी, २ भदौ/एएनआई

शास्त्रीय सङ्गीतका प्रखर व्यक्तित्व पण्डित जसराजको संयुक्त राज्य अमेरिकाको न्यूजर्सीस्थित हाइल्यान्ड पार्क फ्युनेरल होममा ठूलो जनसमूहको उपस्थितिबीच सोमवार दाहसंस्कार गरिएको छ।

भारतीय शास्त्रीय गायक जसराजको न्यूजर्सीस्थित आफ्नै निवासमा मुटुमा समस्या आएर निधन भएको थियो। कोरोना भाइरस नियन्त्रणका लागि भारतमा लकडाउन गरिएपछि उनी स्वदेश फर्कन पाएका थिएनन्। उनी विगत छ महीनादेखि न्यूजर्सीको निजी गृहमा रहँदै आएका थिए। भारतीय शास्त्रीय सङ्गीतका प्रखर व्यक्तित्व जसराज विगत आठ दशकदेखि सङ्गीत सिर्जना र गायनमा सक्रिय थिए। उनले भारतमा पद्म विभूषण, पद्मश्रीसहित अनेक उच्च पदक प्राप्त गरेका थिए। रासस


पण्डित जसराज। तस्वीर: एजेन्सी

## गर्भवतीको हत्या अभियोगमा पति र सासू पक्राउ

प्रस, सिराहा, २ भदौ/

सिराहा जिल्लाको सिराहा नगरपालिका-१६ निवासी १९ वर्षीया कुलतीदेवी दासको हत्या आरोपमा प्रहरीले मृतकका पति २० वर्षीय धीरज दास र सासू ३५ वर्षीया राजकुमारी दासलाई पक्राउ गरेको छ।

गर्भवती अवस्थाकी कुलतीदेवीलाई उनकै पति र सासू मिलेर हत्या गरेको अभियोग छ। करीब तीन महीनाकी गर्भवती छोरीलाई गत साउन २७ गते कुटपीट गरी हत्या गरेको भन्दै मृतकका बुबा चन्दर दासले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराएपछि सोही आधारमा अनुसन्धानका लागि मृतकका पति र सासूलाई सोमवार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिराहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक विनोद घिमिरेले मङ्गलवार सञ्चारकर्मीलाई जानकारी दिएका छन्।

पक्राउ परेका आमा र छोरामाथि कर्तव्यज्यानसम्बन्धी मुद्दामा अनुसन्धान शुरू भएको र प्रारम्भिक अनुसन्धानमा पनि गर्भवती महिलाको हत्या नै भएको हुन सक्ने लक्षणहरू देखिएको अनुसन्धान टोलीका अधिकारीहरूले नाम नलेख्ने शर्तमा बताएका छन्।

## नायक नहीं खलनायक है तू

स्वतन्त्र विचार


कुमार रुपाखेती

> विषम परिस्थितिमा जो डट्छ, त्यो पो नेता हो। जो भाग्छ, त्यो त भगौडा हो। यस्ता भगौडाहरूलाई त सेना, प्रहरीका भगौडाझैं खोजी-खोजी कारबाई गर्नुपर्छ। नेताको पगरी गुथेपछि कुम्भकर्णझैं सुतेर बस्न पाइन्छ र ? रावण राज्य होइन नि यो।

निर्वाचनका बेला 'विनबुलाया मेहमान'झैं तपाईं हाम्रो छाप्रो, दैलोमा डिच्च दाँत देखाउँदै टुप्लुक्क प्रकट हुने नेताहरू अहिले अज्ञातवास र गुप्तवासमा छन्। जनता कोरोनापीडित छन्, नेता अज्ञातवासमा छन्। लुप्तप्रायः जनावरहरू जङ्गलमा फाटफुट देखिएझैं छोटेमोटे नेताहरू यदाकदा मोबाइलमा भेटिन्छन्। अहिले कोरोनाले त्राहिमाम जनताका नेताहरू लुप्तप्रायः छन्। हाम्रो दुःखमा नेताहरूले किन टाउको दुखाउने, किन मगज खियाउने ? नेपालमा त्यसै पनि नेताहरूको टाउको अमूल्य र मूल्यवान् मानिन्छ। एकताका प्रचण्ड-बाबूरामहरूको टाउकोको मूल्य अहिले चर्केको सुनको भाउभन्दा कैयौं गुणा धेरै थियो। यही टाउको संसद्मा गन्ती गराएर सरकारमा उक्लिन पाइन्छ। अनि यस्ता अमूल्य टाउकाहरूले जनताका मूल्यहीन टाउकाका खातिर सिरदर्द किन मोल्थे ? हाम्रा टाउका त निर्वाचनका बखत ५ वर्षमा एकपल्ट मात्र महत्त्वपूर्ण हुन्छ।

वीरगंजमा निजी अस्पतालहरूको मनोमानीले गर्दा यहाँका जनताले अकालमैं ज्यान गुमाउनुपरेको छ। अस्पतालको ज्यादतीविरुद्ध आवाज उठाउने नेता नै देखिंदैन। स्मरणीय छ, थुप्रै स्थानीय नेताहरूले यहाँ निजी अस्पताल सञ्चालन गर्दै आएकोले आफैं बोक्सी आफैं झाँक्री बन्न बिचराहरूलाई अप्ठेरो परेको छ। नेताको मर्का सबैको मर्का हो भने जनताको मर्का स्वयम् व्यक्तिको हो। यिनलाई निर्वाचनमा जिताउन यिनको अघिपछि हुम्बो हुम्बो गर्ने हामी नै हौं। बर्खाको बेला टर्रट्वाय गर्ने भ्यागुता, हिउँदताका गायब हुन्छन्। हाम्रा भ्यागुते नेताहरू पनि असहज र विषम परिस्थितिमा अदृश्य हुने जनतालाई बाइबाई-टाटा गर्ने र सहज अवस्थामा हाय-हल्लो गर्न लुसुक्क आइहाल्छन् नि। टपरे बाहुन र हाम्रा सांसदहरू उस्तै-उस्तै हुन्। भनिन्छ, कतिपय नकच्चरा नेताहरू जनताबाट टाढिन नक्कली कोरोनापीडित बनेका छन्। नमरी बाँचे कालले साँचे, यिनीहरूसँग भेट होला नै। कोरोनापीडित नेताको ढोका ढकढक्याउन जानुभन्दा दूरी बनाउनु बुद्धिमानी मानिन्छ। कोरोनाबाट समेत फाइदा लिन सक्ने पर्सेली नेताहरू देखेर जनता अक्क न बक्क छन्। निर्वाचनमा मर्न मार्न उतारु हुनेहरूलाई कोरोनाले मार्ला भन्ने कत्रो डर ?

नेतालाई सजिलो र जनतालाई असजिलो पारेर कोरोनाले समेत पक्षपात गरेकै छ। थुप्रै नेता भनाउँदाहरू कोरोनाले नभई जनताको डरले अज्ञातवासमा छन् रे। सत्ययुगमा अज्ञातवासमा तपस्यारत विश्वामित्र ऋषिको तपस्या देवकन्या मेनकाले छमछमी नाचेर भङ्ग गरिदिइन् तर यो कलियुगमा जनताले जतिसुकै छमछमी र फनफनी गरे पनि नेताहरू आफ्नो एकान्तवासबाट निस्किनेवाला छैनन् कि त रेखा थापाले प्रचण्डलाई छमछमी नचाएझैं कम्मर मर्काउन सक्नुपर्‍यो। पर्साका नेताहरूको नौटङ्की पनि बेमिसाल छ। प्रारम्भमा जनताको हितैषी बन्दै मास्क वितरण, सेनिटाइजर वितरण गर्ने, कोरोना जाँच गर्ने मेशिनको डुङडुङी पिट्ने, अति बुद्धि दिने अनि ऐन मौकामा मझदारमा छोडी बेपत्ता हुने। वाह रे नेतागिरी ? वीरगंजमा अस्पतालहरूको हदै तल्लो दर्जाको नीच व्यवहार देखाउँदै सद्दे बिरामी मार्दासमेत खोइ यी भ्यागुतारूपी नाटककारहरू कता कानमा तेल हालेर लुकेका छन् ?

विषम परिस्थितिमा जो डट्छ, त्यो पो नेता हो। जो भाग्छ, त्यो त भगौडा हो। यस्ता भगौडाहरूलाई त सेना, प्रहरीका भगौडाझैं खोजी-खोजी कारबाई गर्नुपर्छ। नेताको पगरी गुथेपछि कुम्भकर्णझैं सुतेर बस्न पाइन्छ र ? रावण राज्य होइन नि यो।

अस्ति पर्सा जिल्लाको एउटा गाउँमा एउटा अनुभवी वृद्धले 'आगलागी में कुत्ता जरी ?' भनी खै के भने मैले बुझिनँ। पछि अर्का बुजुर्गले मलाई नेपालीमा सम्झाए– घरमा आगो लाग्दा सबैभन्दा पहिले कुकुर भाग्छ रे। मैले 'ए त्यसो हो बुझें-बुझें' भनें। नेतागिरी नेपालमा सबैभन्दा सजिलो गैरजिम्मेवार पेशा हो। पर्साका चारै क्षेत्र कोरोनाले त्राहिमाम छ, तर यहाँका केही सांसद काठमाडौंमा सुरक्षित बसेर डिङ हाँकिरहेको फेसबूकमा देखिन्छ। फेसबूकमा त कमाल नै गर्छन्, यिनले। संसद् चल्दा जिल्लामा र जिल्लामा समस्या पर्दा राजधानीमा। वाह रे नेतागिरी। कस्तो सजिलो पेशा। 'आप भला तो जग भला' भन्ने उखान अचेल मलाई वाहियात लाग्न थालेको छ। किनभने जगको भला सोच्ने जनताको दुर्दशा र आफ्नो मात्र भला सोच्ने नेताहरूको जगजगीले यो उखानको खिल्ली उडाइरहेको देखिन्छ। 'हिङ लगे न फिटकिरी माल चोखा' भनेको नेतागिरी नै रहेछ। पर्सा अहिले नेताविहीन लावारिस बेवारिसे जिल्ला बनेको छ। नेता हराएको सूचना टाँस गर्नुपर्ने अवस्था छ। लडाइँमा कमान्डरले मैदान छाडेर भाग्दा सेना हतोत्साहित मनस्थितिमा पुगेझैं, कोरोनासँग लड्न सहायक भूमिका खेल्ने सांसद र नेताहरू स्यालको सिङझैं गायब हुनाले जनता कोरोनासँग झनै त्रस्त बनेका छन्। अब नेताजीहरू नै कोरोनासँग डराउन, लुक्न थालेकाले झन् सन्त्रास बढेको हो। राजनीतिक फाइदा लुट्न कुर्सीका लागि ह्वीप जारी गर्ने दलहरूले 'जिल्लामा जाऊ जनताको मनोबल बढाऊ' भन्ने ह्वीप जारी गर्नसमेत असमर्थ देखिएका छन्। 'पहिले आफू अनि च्यापु' भनेको यही हो अनि यस्ताले निर्वाचनमा जनतालाई मालिक भनेको सुन्दा होच्याएझैं लाग्छ। जसलाई हामी नायक भन्थ्यौं, ऐन मौकामा यिनीहरू 'नायक नहीं खलनायक है तू' साबित गरिदिएका छन्। तसर्थ नेतृत्व नै भगौडा साबित भएपछि हामी जनता आफैंले सुझबुझ र होशियारीले यो महामारीसँग लड्ने बेला आएको छ। नेताहरूको मुख ताकिरहने हो भने हामी झन्झन् जोखिम र सङ्कटमा पर्ने निश्चित छ। भगौडाहरूले कोरोना समस्या समाधान गर्नुको सट्टा झन्झन् विकराल बनाइदिने देखिन्छ। कोरोना महामारीका बखत जिल्ला र जनताबाट भाग्ने, लुक्नेहरूलाई आगामी दिनमा तिनका कसूर अनुसारको दण्ड सजाय दिन सक्यौं भने पनि कोरोनामाथि विजय हासिल गरेको साबित हुनेछ।

### प्रतीकको ३४ वर्ष प्रवेश

नेपालको लोकतन्त्रभन्दा दुई वर्ष जेठो प्रतीक ३४ वर्षको लक्का जवान भएकोमा औधी खुशी लागेको छ। प्रतीकको यो वार्षिक अवसरमा उपस्थित हुन नसकेकोमा औधी खल्लो पनि लागेको छ। प्रतीकसँग मेरो साइनो कहिलेदेखि गाँसियो मलाई नै थाहा छैन। मोफसलको सर्वाधिक लोकप्रिय यो दैनिकले थुप्रै बाधा अवरोधलाई छिचोल्दै यहाँसम्मको यात्रा सफलतापूर्वक र सङ्घर्षपूर्ण छ। सङ्क्षेपमा भन्ने हो भने प्रदेश नं. २ को मुखपत्र हो प्रतीक दैनिक। नियमित एकाबिहानै तराईका थुप्रै जिल्लाका पाठकहरूको हातहातमा पुग्ने प्रतीकको व्यवस्थापकीय सफलता काबिले तारिफ छ। कोरोना कहरमा प्रतीकको प्रयास स्मरणयोग्य रहनेछ। पत्रकारितालगायत विभिन्न सामाजिक क्षेत्रमा सक्रिय सेतै कपाल दाऱ्ही पाकेका जगदीशदाइको सक्रियता काबिले तारिफ छ। प्रतीकको ३४औं वार्षिक अवसरमा सम्मानित हुने मेरा मनपसन्द लेखक विनोद गुप्ता दाइ र मलाई प्रतीकमा लेख्न घचघचाइरहने प्रेरणा दिने भाइ शत्रुघ्न नेपाललाई हार्दिक बधाई। फेरि-फेरि यस्तै शुभ समाचार सुन्न पाइयोस्। विकाश भाइ र प्रताप भाइ पनि धन्यवादका पात्र हुन्। धन्यवाद !


## बीस किलो चरेस बरामद

प्रस, सेढवा, २ भदौ/

जगरनाथपुर गाउँपालिकाबाट सशस्त्र प्रहरीले २० किलो चरेस बरामद गरेको छ।

मकवानपुरको मनहरीबाट तस्करहरूले बीस किलो चरेस पटेर्वासुगौलीको बाटो भएर ल्याइरहेको सूचनाको आधारमा मङ्गलवार बिहान सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट भिखमपुरको गस्ती टोलीले जगरनाथपुर गापा-२ दसौताको ओरिया खोलाबाट बरामद गरेको थियो। सशस्त्र प्रहरीलाई देखेपछि तस्करहरू चरेस फालेर फरार भएका थिए।

बरामद चरेस इलाका प्रहरी कार्यालय, पोखरिया पठाइएको सशस्त्र प्रनि किसमान तामाङले जानकारी गराएका छन्।


बरामद चरेस। तस्वीर: प्रतीक

## चन्द्र मावि आइसोलेशनबाट पाँचजना डिस्चार्ज

प्रस, सिराहा, २ भदौ/

सिराहाको चन्द्र माविको आइसोलेशनमा उपचाररत पाँचजना सङ्क्रमित कोरोनालाई जितेर मङ्गलवार घर फर्किएका छन्।

सिराहा नगरपालिका वडा नं. १४ का १९ वर्षका एकजना पुरुष कोरोनालाई जितेर घर फर्किएका छन्। त्यसैगरी, जिल्लाको कल्याणपुर नगरपालिका वडा नं. ३ की २२ वर्षीया महिला र २४ वर्षीय पुरुषसमेत २ जना, कर्जन्हा नगरपालिका वडा नं.८ का ३४ वर्षीय पुरुष र मिर्चैया नगरपालिका वडा नं. ६ का २९ वर्षीय पुरुष पनि कोरोना सङ्क्रमण मुक्त भएर घर फर्किएका छन्। उनीहरूको पिसिआर रिपोर्ट लगातार नेगेटिभ आएपछि डिस्चार्ज गरिएको चन्द्र मावि आइसोलेशन वार्डका इन्चार्ज डा सरबिन्दर मण्डलले बताएका छन्।

सिराहाको चन्द्र मावि आइसोलेशनमा अझै २३ जना सङ्क्रमित उपचाररत रहेका इन्चार्ज डा मण्डलले जानकारी गराएका छन्।

### ग्राहकबाट...............

ट्रेसिङमा खटेका स्वास्थ्य टोलीले जनाएको छ। पसलका साहुसमेत आफैं भएका युवक पसलबाहेक बाहिर कतै नगएको कुरा उनका छिमेकहरूबाट समेत पुष्टि भएकोले उनको पसलमा आउने ग्राहकहरूबाटै सङ्क्रमण भएको र उनीबाट परिवारमा कोरोना सङ्क्रमण भएको टोलीको ठहर छ।

# ढुङ्गा तस्करी गर्ने समूह सक्रिय नगरपालिका मौन

जीतलाल श्रेष्ठ, निजगढ, २ भदौ/

वर्षात्को मौसममा खोलानाला, टचाक्टर पसेको देखे पनि नदेखेझैं गर्छ। "प्रायः नेपाल प्रहरी खोलामा घुम्ने र केही जनप्रतिनिधिको टचाक्टरसमेत यस्तो चोरी तस्करीमा प्रयोग हुने गरेको



बकैया खोलाबाट सङ्कलन गरी निनपा-४ कछडिया टोलमा थुपारिएको ढुङ्गा। तस्वीरः जीतलाल श्रेष्ठ

बगरबाट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्न रोक लगाएको भए तापनि निजगढमा ढुङ्गा सङ्कलन भइरहेको छ।

निजगढ-४ कछडिया टोलको खेल मैदान आसपास, अवनिश क्रसर उद्योगपछाडिको खाली जमीनलगायत अन्य स्थानमा ५ सयभन्दा बढी टचाक्टरले खोलाबाट ढुङ्गा थुपारिरहेका छन्।

बस्तीकै केही व्यक्ति र समूहले बस्तीकै बदनामी हुनेगरी यस्तो कार्य गरिरहेको स्थानीय बासिन्दाले बताए। बाढी आउँदा-आउँदै खोलाभित्र टचाक्टर पसाएर ढुङ्गा चोरी गर्ने गरेका छन्।

यस अवैध कार्यलाई रोक्न प्रहरीले दैनिक हैरानी खेप्नुपरिरहेको इलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक विकास थपलियाले बताए। ढुङ्गा चोरी, तस्करी गर्ने गराउने बखत प्रहरीको हस्तक्षेप रोक्न तस्करका मानिस नाका कुरी सुराक गर्ने गर्छन्। प्रहरी अघि बढ्नासाथ खोलाबाट टचाक्टर भगाउँछन्।

यसरी ढुङ्गा चोरी-तस्करी भइरहँदा निजगढ नगरपालिकाको भूमिका शून्य देखिएको छ। खोलाको अनुगमनसमेत नगरपालिकाबाट हुने गरेको छैन।

"बल्ल-बल्ल टचाक्टर पक्राउ गर्‍यो, तुरुन्तै स्थानीय नेता, जनप्रतिनिधिको दबाब आउन थाल्छ," प्रनि थपलिया भन्छन्। नियन्त्रणमा लिएका टचाक्टर जरिवाना तिराउन नगरपालिकामा बुझाउने गरे पनि 'दूधको कुरुवा बिरालो'झैं हुने गरेको छ। "अवैध काम रोक्ने दायित्व स्थानीय तहको पनि हो, किन चासो दिंदैनन् ?" प्रहरीको भनाइ हुन्छ।

यसलाई रोक्न नगरपालिकाको भूमिका नदेख्दा अचम्म लाग्छ, खटेका प्रहरी भन्छन्। नेपाल प्रहरीले यसलाई रोक्ने प्रयास गरेको देखिए पनि सशस्त्र प्रहरी सुरक्षा बेस, निजगढ भने खासै सजग भएको पाइँदैन। खोलाछेउमा रहेको सशस्त्र प्रहरी बेस खोलामा दिनदहाडै टचाक्टर नियन्त्रणमा लिने, खेद्ने गर्छ। सशस्त्र प्रहरी भने चुपचाप हेरिरहन्छ," एकजना स्थानीयले बताए। नदीजन्य पदार्थ उत्खनन रोकिएको बेला टचाक्टरधनीले अटेर गर्ने गरेका कारण पूरै कछडिया टोलको बदनामी भइरहेको निजगढ नपा-४ का अध्यक्ष जयराम कुमरले भने। कडाइ गर्न प्रहरीलाई बारम्बार भनेको उनले प्रतिक्रिया दिए।

त्यसैगरी, निजगढ-१ भरतगंज सिंगौलको धन्सार खोलाबाट पनि ढुङ्गा चोरी-तस्करी हुने गरेको छ। स्थानीय गिरोहले दिनदहाडै खोलाबगरबाट ढुङ्गा चोरी गरी खोला किनारमा थुपार्ने गर्छन्। निजगढवासी बताउँछन्।

जथाभावी खोलाको ढुङ्गा सङ्कलन गर्दा खोला खेतबारी, बस्तीमा पस्न सक्ने सम्भावना बढेको छ तर स्थानीय तह मौन बसेको छ। ढुङ्गा चोरी-तस्करीमा भरतगंज सिगौंलको पनि नाम मुछिएको छ। यस्तो कार्य रोक्न स्थानीय प्रहरीलाई आग्रह गरिरहेको वडाध्यक्ष मङ्गले लोप्चन बताउँछन्।

अहिले बन्दको समयमा ढुङ्गा प्रतिटचाक्टर २५ सयदेखि ३ हजारसम्ममा बिक्री हुने गरेको छ। यस्तो नाफा हुने देखेपछि स्थानीयलाई नै ढुङ्गा चोरी गर्न उक्साउने गरिएको छ।

# सालको दुई थान गोलिया बरामद



बरामद भएका सालको गोलिया। तस्वीरः प्रतीक

प्रस, बिरुवागुठी, २ भदौ/

पर्सागढी नगरपालिका-२ गोडपसरा गाउँनजीकबाट सोमवार राति २ थान सालको गोलियासहित तीनवटा साइकल वन गस्ती टोलीले बरामद गरेको छ।

पर्साको राष्ट्रिय वनबाट काँचो सालको गोलिया काटेर तीनवटा साइकलमा लोड गरेर ल्याइरहेका तस्करहरूले वन गस्ती टोलीलाई देखेपछि काठ र साइकल छाडेर बेपत्ता भएका थिए।

बरामद काठ र साइकललाई सबडिभिजन वन कार्यालय बडनिहारमा राखिएको जमदार मनोज सिंहले बताएका छन्।


## हमनी सबके जिम्मेवारी, कोरोना भाइरस सङ्क्रमणके रोकेला अपनावल जाव

**होशियारीः**

- कोरोना भाइरस रोग श्वासप्रश्वासके माध्यमसे फैलेवाला सङ्क्रमण ह।
- सङ्क्रमित भइल आदमी खोकला आ छिंकला समयमें निकलल थुक आ पोटाके माध्यमसे एक आदमीसे दोसर आदमीमे यी भाइरस सरेला आ फैलेला।

**यी रोगसे बचेके का करे के परि ?**

- खोकेके आ छिकेके समय नाक आ मुख निमनसे तोपेके। आ प्रयोग कइलगेल टिसू पेपरके तुरुन्त फोहोर बिगेवाला कुडादानीमे बिगेके।
- समयसमयमें साबुनपानीसे अच्छासे मलमलके हात धोयेके आ सेनिटाइजर हातमे लगावेके। केकरोसे मिलेके समय हात नमिलावेके। मात्र प्रणाम आ नमस्कार करेके।

**आ, काथी ना करेके ?**

- खोकी लागल आदमीसे दूरी बनाके रहेके।
- आ अपनाके खोकी लागलबा त दोसरो आदमीसे दूरीमे रहेके।
- भीडभाडमे नजायके आ दोसोरो लोगके भीडभाड भेल जगहमे नजायला सम्झावेके।

**आ ध्यान देवेवाला बातः**

- बोखार लगलापर, खोकी अइलापर, आ साँस लवेमे दिक्कत भैलापर जल्दी हि नजदिकके स्वास्थ्य केन्द्रमें सम्पर्क करेम।
- कोरोना भाइरस रोगके बारेमे औरी जानकारी लेल पैसा नालागेवाला टेलिफोन नं. १११५ मे फोन कर सकेनी।
- मत हडबडाई और सतर्क बनी।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग


# पति सङ्क्रमित हुँदा पनि उपप्रमुखले परीक्षण गराउन मानिनन्

प्रस, गरुडा, २ भदौ/

रौतहटको कटहरिया नगरपालिकाकी उपप्रमुख नूरजहाँ खातुनका पति नसरुद्दीन अन्सारीमा कोरोना सङ्क्रमण पुष्टि भएपछि उपप्रमुखले परीक्षणको लागि स्वाब दिन मानेकी छैनन्। आफूलाई केही पनि नभएको र पतिलाई षड्यन्त्रपूर्वक पोजेटिभ रिपोर्ट बनाएको आरोप लगाउँदै कुनै पनि हालतमा आफूले परीक्षणका लागि स्वाब नदिने अडान लिएकी छन्।

समाजमा रहेर काम गर्नुपर्ने नगरका जिम्मेवार जनप्रतिनिधिले परीक्षणको लागि स्वतः अगाडि आउनुपर्नेमा पति नै सङ्क्रमित भएपछि उपप्रमुखले परीक्षण गराउन नमान्नु र निस्फिक्रीसित बजारमा घुम्नुले नगरवासीमा त्रासको वातावरण रहेको नगरप्रमुख सियाराम कुशवाहाले बताएका छन्। आफूले पनि बारम्बार परीक्षण गराउन आग्रह गर्दा पनि नमानेकोमा नगरप्रमुख कुशवाहाले चिन्ता व्यक्त गरेका छन्।

गत दश दिनअगाडि कटहरिया नगरपालिकामा नौजनामा कोरोना सङ्क्रमण पुष्टि भएको थियो। सङ्क्रमितको कन्टचाक्टमा आएकाहरूको पनि परीक्षण गर्नुपर्ने हुँदा सोहीअनुरूप नगरमा काम भएको तर उपप्रमुखले नै नमानेपछि नगरवासीमा एक किसिमको त्रासको अवस्था रहेको छ। कटहरिया नगरपालिकाको सर्वपक्षीय भेलाले भदौ ६ गतेसम्म कडा निषेधाज्ञा गर्ने घोषणा पहिले नै गरिसकेको छ।

उपप्रमुख खातुनका पति अन्सारीसहितका सङ्क्रमितहरू नपाद्वारा व्यवस्थित आइसोलेशनमा दश दिनदेखि रहेका छन्। अन्सारीमा कुनै लक्षण देखिएको छैन।

उपप्रमुख खातुनले आफ्नो पिसिआर परीक्षण गराउन नमानेको गुनासो आएको इलाका प्रहरी कार्यालय गरुडालाई निर्देशन दिएको बताउँदै प्रजिअ यादवले पिसिआर



कटहरिया नगरपालिकाकी उपप्रमुख नूरजहाँ खातुन। तस्वीरः प्रतीक

रौतहटका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले स्वीकार गरेका छन्। कन्टचाक्ट ट्रेसिङ भएकाहरूको पिसिआर गराउन नगराएमा उपप्रमुखको घर सिल गर्न प्रहरीलाई निर्देशन दिएको बताएका छन्।

# दुई पक्षबीच झडप, १४ जना घाइते

प्रस, सिम्रौनगढ, २ भदौ/

सिम्रौनगढ नगरपालिका र आदर्श कोतवाल गाउँपालिकाका स्थानीयबीच सोमवार विवाद हुँदा १४ जना घाइते भएका छन्। सिम्रौनगढ नपा-११ भगवानपुर र आदर्श कोतवाल गापा-६ पटेर्वाका स्थानीयवासीबीच विवाद भएपछि प्रहरीले स्थिति नियन्त्रणमा लिन ६ राउन्ड अश्रुग्यास र १३ राउन्ड हवाई फायर गरेको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ।

गाउँनजीक पैनीमा माछा मार्ने विषयमा दुई समूहबीच विवाद भएपछि एकअर्कामाथि ढुङ्गा प्रहार भएको थियो। झडपमा तीनवटा पसलमा तोडफोड हुनुका साथै १४ जना घाइते भएका छन्।

# स्वास्थ्य सामग्री हस्तान्तरण

प्रस, रौतहट, २ भदौ/

नेपाल पत्रकार महासङ्घ रौतहट शाखालाई अभियान नेपालले स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ। नेपाल पत्रकार महासङ्घ रौतहट शाखाका सचिव गौतम श्रेष्ठलाई सेनिटाइजर सय थान र सर्जिकल मास्क २५० थान हस्तान्तरण गरिएको हो।

कोरोना सङ्क्रमणको जोखिमबाट सुरक्षाका लागि अभियान नेपालका फाइनान्स कोअर्डिनेटर जितेन्द्र कुशवाहाले सचिव श्रेष्ठलाई सो सामग्री हस्तान्तरण गरेका हुन्।

यसैगरी, सामुदायिक शक्तिले ९ सय थान सर्जिकल मास्क र ७५ थान सेनिटाइजर महासङ्घलाई प्रदान गरेको छ। संस्थाका अध्यक्ष मिथिलेश झाले सो सामग्री महासङ्घका सचिव श्रेष्ठलाई प्रदान गरेको बताए।

# सहायक क्याम्पस प्रमुख गुप्ताको निधन

प्रस, वीरगंज, २ भदौ/

ठाकुर राम बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख प्रमोद सर्राफ (गुप्ता)को निधन भएको छ। केही दिनदेखि ज्वरोले ग्रसित गुप्तालाई उपचारको लागि सोमवार दिउँसो एडभान्स मेडिकेयरमा लगिएको र त्यहाँ उपचार सम्भव नभएपछि नारायणी वयोधा अस्पतालमा भर्ना गरिएको थियो।

अस्पतालमा उपचारको क्रममा गुप्ताको राति साढे दश बजे निधन भएको हो। उनलाई निमोनिया भएको चिकित्सकले बताए। स्व गुप्ता हालै नेपाली काङ्ग्रेसले गठन गरेको शिक्षा विभागको सदस्यमा मनोनीत भएका थिए। उनको मङ्गलवार अन्तिम संस्कार गरिएको छ।



स्व. प्रमोद सर्राफ (गुप्ता)

# व्यापारी सङ्घ गठन

प्रस, ठोरी, २ भदौ/

ठोरी गाउँपालिका-५ सुवर्णपुरमा सोमवार निरोज प्रधानको अध्यक्षतामा व्यापारी सङ्घ गठन गरिएको छ।

सङ्घको उपाध्यक्ष कमला पौडेल, सचिव सुवास मोक्तान र कोषाध्यक्षमा रुद्र खड्का र सदस्यहरूमा रमेश दाहाल, दीपेन्द्रप्रसाद कुशवाहा, कुमार सुनार, सरिता तिवारी, पूर्णबहादुर लामिछाने, मगनीप्रसाद साह, लोप्साङ तामाङ, फुर्वा स्याङतान, अर्जुनबहादुर लामिछानेलाई चयन गरिएको छ।

# शिकारीवासमा पाइपलाइनमार्फत् खानेपानीको व्यवस्था

माधव तिमल्सिना, ठोरी, २ भदौ/

ठोरी गाउँपालिका-३ शिकारीवासमा खानेपानीको व्यवस्था मिलाइएको ठोरी गापाका अध्यक्ष पद्मलाल श्रेष्ठले बताए।



शिकारीबासमा पाइपलाइनमार्फत् ल्याइएको खानेपानीको धारामा पानी पिउँदै वडा नं ३ का अध्यक्ष सूर्य लामा र उपभोक्ता समितिका अध्यक्ष सुजित बस्नेत। तस्वीरः माधव तिमल्सिना

पाइपलाइनमार्फत् खानेपानीको व्यवस्था गरिएको छ।

लामो समयदेखि खानेपानीको अभाव झेल्दै आएका चितवन राष्ट्रिय निकुञ्जभित्र रहेको शिकारवासका स्थानीयको लागि पाइपलाइनमार्फत्

ठोरी गापाले आव २०७५/७६ र २०७६/७७ मा गरी कुल रु ७ लाख बजेट विनियोजन गरेर पाइपलाइनमार्फत् पानी ल्याइएको वडा नं ३ का अध्यक्ष सूर्यबहादुर लामाले बताए। उनले शिकारीवासबाट करीब ३ किलोमिटर उत्तरतर्फ चितवन राष्ट्रिय निकुञ्जभित्रबाट पानी ल्याइएको जानकारी गराए। निकुञ्जभित्र रहेको ऐतिहासिक अक्रम बाबा भन्ने ठाउँमा खानेपानीको इम्प्याक्ट निर्माण गरेर शिकारीवाससम्म पाइपमार्फत् पानी ल्याइएको बताए। उनले अबदेखि चौबीसैं घण्टा शिकारीवासको धारामा स्वच्छ पानी उपलब्ध हुने बताए।

उपभोक्ता समितिमार्फत् काम सम्पन्न भएको उक्त योजना अन्तर्गत हालसम्म सो ठाउँमा पाँचवटा धारामा खानेपानीको व्यवस्था मिलाइएको र यसबाट ४५ घरधुरी लाभान्वित हुने बताए। पुरानो इतिहास बोकेको शिकारीवासमा खानेपानी नहुँदा स्थानीयहरूले लामो समयदेखि गाउँभन्दा टाढा रहेको चिलमेररा खोलाबाट सिंचाइको लागि ल्याइएको कुलोको पानी पिउन बाध्य थिए।

# मेसु डा उपाध्यायको सरुवा

प्रस, वीरगंज, २ भदौ/

नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा मदनकुमार उपाध्यायलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले काजमा तानेको छ।

मेसु डा उपाध्यायलाई मन्त्रालयमा तानेको र उनको ठाउँमा डा सञ्जय ठाकुरलाई मेसुको जिम्मेवारी सुम्पिएर पठाएको छ। डा ठाकुर यसअघि नारायणी अस्पतालमा कार्यरत थिए भने हाल वीर अस्पतालमा कार्यरत छन्।

## एउटै सडक..........

बनिरहेको छ। डिभिजन वन कार्यालय बारा अन्तर्गत बकैया-नागमणि सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रभित्र वन कार्यालय र वन समूहको समन्वयमा सो सडक खोलिएको हो।

सडक आसपासको खोला किनारमा तटबन्ध नगर्ने हो भने अर्को वर्षामा फेरि यो सडक वन क्षेत्रमा सार्नुपर्छ। नगरप्रमुख, उपप्रमुख र कर्मचारीलाई सडक सुरक्षित गर्न तटबन्ध नगरी नहुने जानकारी गराएको निजगढ नपा-१० का अध्यक्ष पद्मबहादुर मोक्तानले बताए।

प्रत्येक वर्ष सडक वन क्षेत्रमा सार्दा हालसम्म वनको ३० हेक्टर जग्गा गुमेको छ। त्यति नै मात्रामा वन क्षेत्रको कटान पनि भएको छ। यसरी बर्सेनि वन क्षेत्र कटान हुँदा सयौं रूखबिरुवा खोलाले बगाउने गरेको छ। बगेका रूखको व्यवस्थापन नगर्दा करोडौं राजस्व गुम्ने गरेको छ।